# गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार) ज्यूबाट
# गण्डकी गाउँपालिकाको १८ औं गाउँ सभामा प्रस्तुत आर्थिक बर्ष २०८२/०८३ का लागि
# नीति तथा कार्यक्रमहरु

**गण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय भुम्लीचोक, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

**२०८२**

**"सामाजिक न्याय सहितको दिगो विकासको चाहना कृषि, उद्योग, पर्यटन प्रवर्द्धन गण्डकीको योजना"**

**आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

**सभामा प्रस्तुत मिति २०८२/०३/०६**

गाउँपालिका उपाध्यक्षज्यु
गाउँ सभाका सदस्यज्युहरु,

राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक तथा विभिन्न पेशा व्यवसायमा सम्वद्ध पेशाकर्मी साथीहरु
गण्डकी गाउँपालिकाका नागरिक अगुवा, पत्रकार साथै सम्पूर्ण गाउँपालिकाबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु साथै सुरक्षाकर्मी एवं पत्रकार मित्रहरू,

हाम्रो संविधानले निर्दिष्ट गरे वमोजिम हाम्रो गण्डकी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम आज म सम्मानित सभासमक्ष प्रस्तुत गर्न चाहान्छु । १८ औ गाउँसभाको यो ऐतिहासिक घडिमा यो अवसर प्रदान गर्नुहुने आम गाउँपालिका वासी प्रति हार्दिक आभार व्यक्त गर्दै खुसि व्यक्त गर्न चाहान्छु । यस गरिमामय समयमा प्रस्तुत नीति तथा कार्यक्रम पालिका वासीको खुसी र समृद्धिको दस्तावेजको रुपमा निर्माण हुने विश्वास पनि दिलाउन चाहान्छु । साथै १८ औ गाउँसभाको गरिमालाई उचाइमा पुऱ्याउन सक्रिय ढङ्गले भूमिका खेल्नुहुने सम्पूर्ण सभाका सदस्यज्यूहरु, कर्मचारीहरु एवं दिनानु दिन सल्लाह सुझाव प्रदान गर्नुहुने गाउँपालिका वासी महानुभावहरु प्रति हार्दिक स्वागत सहित अभिवादन गर्न चाहन्छु ।

राज्यको पुर्नसंरचना अनुरुप सङ्घ, प्रदेश र स्थानीय सरकार मध्ये जनताको प्रत्यक्ष निगरानी र नियन्त्रण सहित जनताको माझमा रहने सरकारको रुपमा गाउँपालिका सवल र स्थापित बन्दै गएको छ । जनताको अधिकार र समृद्धिको आधारको रुपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै स्थानीय सरकारले भूमिका खेल्यो । जनताको सार्वभौम अधिकार, स्वतन्त्रता सवै प्रकारको विभेद र उत्पीडनको अन्त्य गरि समतामुलक समाज निर्माणको लागी विभिन्न कालखण्डमा भएको सङ्घर्षहरु ऐतिहासिक जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न आन्दोलनमा विरगति प्राप्त गर्नुहुने सम्पूर्ण अमर शहिदहरु प्रति हार्दिक श्रदासुमन व्यक्त गर्दछु । आजको यो ऐतिहासिक समारोहको क्रममा शहिद परिवारजन, वेपत्ता परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दै घाइते योद्धा प्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । अथक प्रयासका साथ आमुल परिवर्तनको लागी नेतृत्व गर्नुहुने राजनैतिक दलको नेतृत्व र जनसमुदाय प्रति हार्दिक आभार सहित सम्मान व्यक्त गर्न चाहान्छु । स्थापनाको आठौं वर्ष पुरा गरी नवौं वर्षमा हाम्रो गण्डकी गाउँपालिका लम्किरहेको छ । आज १८ औं गाउँसभा मार्फत आ.व. २०८२-०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौ । यो महत्वपूर्ण घडिमा सङ्घीयताको भावना र मर्म अनुरुप सरकारलाई जनताको नजिक पुऱ्याउन विकासमा जनसहभागीता र स्वामीत्वको स्थान सुनिश्चित गर्दै विकास र सेवा आपूर्तिको गति र गुणस्तर बढाउने हाम्रो प्रतिवद्धता छ । सङ्घ, प्रदेश र पालिकाको सोच लक्ष्य र मापदण्डमा रहेर स्थानीय सुशासन गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहूँच, पूर्वाधार निर्माण, लक्षित वर्ग र क्षेत्रको आर्थिक सामाजिक सशक्तिकरण, समावेशी सहभागीतामुलक योजना साथै रोजगारीको स्थिति सृजना गर्दै सिर्जनात्मक र रचनात्मक ढङ्गले अगाडी बढ्न चाहन्छु । हाम्रो सङ्घीयता सहकारीतामुलक भएकोले सह-अस्तित्व सहकार्य र समन्वयको

सम्बन्धलाई अक्षुण राख्दै हाम्रो वार्षिक नीति तथा कार्यक्रम एवं १८ औं गाउँसभा हाम्रो पालिकाको लागी एक कोशेढुङ्गा हुने विश्वास व्यक्त गर्न चाहान्छु ।

"सामाजिक न्याय सहितको दिगो विकासको चाहाना, कृषि उद्योग पर्यटन प्रवर्द्धन गण्डकीको योजना" भन्ने उद्देश्य सहित पालिकाको सर्वाङ्गीण विकासको लागी गाउँपालिका परिवार एकरुपताका साथ एकतावद्ध हुँदै अगाडी बढिरहेको छ । आर्थिक विकासको क्षेत्र, सामाजिक विकासको क्षेत्र, पुर्वाधार विकासको क्षेत्र, सस्थागत विकास तथा सुशासनको क्षेत्र र वन वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा हाम्रो क्षमता र पालिकाको आवश्यकताको आधारमा वित्तिय श्रोत र साधन परिचालन गरी ठोस योजना निर्माण गरिने छ । हाम्रो गण्डकी गाउँपालिका विभिन्न क्षेत्रमा सम्भावना बोकेको पालिका हो । कृषि उत्पादन र पशु पालनमा उल्लेख्य उत्पादन भई निकासी समेत भईरहेको छ । समग्र कृषि क्षेत्रको उत्पादकत्व वृद्धिको लागी अनुदान एवं ढुवानी साधन प्रदान गरि कृषकलाई प्रोत्साहन गरिएको छ ।

राष्ट्रिय गौरवको आयोजना १२ सय मेघावाटको जलासययुक्त बुढिगण्डकी जलविद्युत आयोजनाको मुख्य क्षेत्र हाम्रै पालिकामा रहेको, १०० मेघावाटको सुप्पर त्रिशुली जलविद्युत आयोजना गण्डकी गाउँपालिका वडा नं. १ वुट्टारमा निर्माण कार्य निजी क्षेत्रको लगानीमा अगाडि बढीरहेको छ । गण्डकीले घेरीएको हाम्रो पालिका अझै यस्ता आयोजनाको सम्भाव्यता रहेको देखिन्छ । सम्म टार देखि मध्य पहाडको अग्लो स्थान (१७०० मी उचाई सम्म) सम्मको उचाई र विविध साँस्कृतिक ऐतिहासिक स्थलहरुको कारण पर्यटकको गन्तव्यको रुपमा जलयात्रा, पदयात्रा, स्थानीय उत्पादन स्वाद सहितको आकर्षक होमस्टे लगायतका महत्वपूर्ण स्थानहरुको अवलोकन गर्ने वातावरण सृजना गरी पर्यटन प्रवर्द्धनको योजनालाई प्रभावकारी बनाइने छ ।

प्रसस्त मात्रामा चुनढुङ्गा, खरिढुङ्गा, वालुवा खानी लगायत विभिन्न खानी रहेको हाम्रो गण्डकी गाउँपालिकामा उद्योग सञ्चालनको प्रचुर सम्भावना रहेको छ । साथै दहत्तर वहत्तरको माध्यमवाट संकलन भएको ढुङ्गा, गिट्टी र वालुवा संकलनलाई व्यवस्थित गरी राजश्व संकलनलाई प्रभावकारी गरिने छ । यस गरिमामय गाउँसभा मार्फत आगामी दिनमा यस्ता प्रशस्तै सम्भावनाहरुलाई एकिकृत योजनाका साथ अगाडी बढाउन कत्ति पनि विश्रामको छुट नमानी खुसी र समृद्ध पालिकाको लागी अनवरत लागिरहने छौ । सम्भावना र चुनौतिको सामना गर्दै गन्तव्यमा पुग्ने द्धन्द्धवादी मान्यता अनुरुप विभिन्न प्रकारका चूनौतिको विच बाट हाम्रो पालिकाले जिल्ला, प्रदेश र सङ्घ सम्मको आफ्नो पहिचान राख्न सफल भएको छ । स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार, प्रशासनिक सुधार एवं सुशासन लगायतमा चर्चाको विषय बन्न सफल भएको छ । यद्यपी यो ३ वर्षको समयमा केही गम्भिर प्रकृतिको चूनौतिका अभियोगको सामना पनि बेहोर्न परेको यर्थाथ हामीमाझ छर्लङ्गै छ । आजको यस गरिमामय सभा रुपान्तरणको लागी एउटा समिक्षात्मक सभाको रुपमा पनि वुझेका छौ । हामीले हाम्रो पालिका भित्र दिगो विकास र जनमुखी योजना निर्माण र कार्यान्वयन गर्दै गयौ । विगतका वर्षको तुलनामा कामको गती र घनत्व निकै प्रभावकारी र सेवा आपूर्तिको गुणस्तरमा वृद्धि गरी जनताको आशा र अपेक्षालाई पुरा गर्न हाम्रा पाइलाहरु अझै दह्रो पार्दै गन्तव्य सम्मको यात्रालाई अझै प्रभावकारी वनाउन खारिदै गएको महशुस गरेका छौ । हाम्रो यात्रामा देखिने विभिन्न प्रकारका ज्वार भाटा एवं यात्रीहरुको असन्तुलित गतिविधिको कारण आशा र अपेक्षाको गन्तव्यमा पुग्न चूनौती हुन सक्छ । इतिहासबाट पाठ सिक्दै वर्तमानको गति अझै बढाउन हामी सवैले आफुलाई कुशल क्याप्टेनको रुपमा सक्रिय बनाइ राख्नु पर्ने महसुस गरेका छौ । **"हामी सवैको प्रयास, समग्र क्षेत्रको विकास"** भन्ने निष्कर्ष सहित

समग्र क्षेत्रको रुपान्तरणको रुपमा हाम्रो यस १८ औ गाउँसभा हुने विश्वास गर्न चाहान्छौ। अघिल्ला वर्षहरुमा झै यस वर्ष पनि नीति तथा कार्यक्रम तर्जुमा गर्न लिईएका प्रमुख आधारहरु निम्नानुसार रहेका छन :

**आगामी आ.व. २०८२/०८३ नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु:**

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली २०७६
५. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
६. स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन २०७८ ,
७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरु, सोच र लक्ष्य,
८. दिगो बिकासका लक्ष्य,
९. गण्डकी गाउँपालिकाका कानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था ,
१०. श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा बिषयगत सीमा निर्धारण,
११. राजश्व परामर्श समितिको प्रतिबेदन र
१२. गण्डकी गाउँपालिकाका बिगत आर्थिक बर्षहरुको अनुभव, सिकाई तथा वस्तुस्थिति।

सम्मानित सभा सदस्यज्यूहरू, अब भने म यस गण्डकी गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा विकास निर्माण तथा सेवा प्रवाहका सन्दर्भमा गरेका मुख्य प्रयासहरुको बारेमा जानकारी गराउन चाहन्छु :

**आर्थिक बर्ष २०८१/०८२ मा गाउँपालिकाले बिकास निर्माण र सेवा प्रवाहका लागि गरेका मुख्य प्रयासहरु:-**

१. गाउँपालिकाबाट आफै कार्यान्वयन गरी पहिलोपटक आस्फाल्ट पिचमार्फत सडक स्तरोन्नती गर्ने कार्यको थालनी गरिएको छ।
२. कृषक लक्षित कार्यक्रम अन्तर्गत तरकारी ढुवानीका लागि सडक यातायातको सर्वसुलभ पहूँच नरहेको गण्डकी गाउँपालिका वडा नं ६ थुम्का देखि हिक्लुङ्ग सम्मको भुगोलमा सहजताको लागि करिव ६२० मिटर लामो विद्युतीय रोपवे निर्माण कार्य अगाडी बढाइएको छ।
३. गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरु र माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाई कडाईका साथ लागू गरिएको छ।
४. राष्ट्रिय रुपमा नै कुपोषणको समस्यालाई निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको सन्दर्भमा सुत्केरी हुनु भएका महिलाहरुलाई पोषणयुक्त खाद्य बस्तु एवं आहार व्यवस्थापनको लागि मासिक ४ हजारका दरले ६ महिनासम्म पोषण खर्च उपलव्ध गराउने कार्यको थालनी गरिएको छ।
५. गण्डकी गाउँपालिकावाट असहाय गरिव दुखी विपन्न नागरिकहरु प्रति लक्षित गरी उनिहरुको शिक्षा स्वास्थ्य औषधोपचार जस्ता संवेदनशील तथा मानविय आधारभूत आवश्यकताका विषयहरु परिपूर्ति गर्ने उद्देश्य लिई पहिलो पटक गण्डकी योगदान कोषको स्थापना गरिएको छ।

६. जनतालाई अत्यावश्यक सेवा लिनमा सहजताको होस भन्ने हेतुले "गाउँपालिकाका सबै सेवाहरु तपाइको घरदैलौमा" भन्ने नाराका साथ गण्डकी गाउँपालिका एकीकृत वृहत सेवा शिविर सञ्चालन गरिएको छ।

७. सामाजिक सुरक्षामा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने राष्ट्रिय नीतिलाई मुर्तरुप दिन गाउँपालिका भित्रका सवै वडाहरुमा वायोमेट्रिक डिभाईस जडान गर्ने र सूचीकृत लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने कार्यको थालनी गरिएको छ। साथै जिल्ला प्रशासन कार्यालय गोरखासँगको समन्वयमा राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरिएको छ।

८. स्थानीय धर्म संस्कृतिको जगेर्ना गर्दै स्थानीय रितिरिवाज, भौगोलिक अवस्थिति आदिको अध्ययन गर्ने र वालवालिकाहरुमा स्थानीय विषयको जानकारी गराउने उद्देश्यले स्थानीय पाठ्यक्रम लेखन गरि विद्यालयमा स्थानीय पाठ्यपुस्तक वितरण कार्य सम्पन्न गरिएको छ।

९. चालु आ.व. २०८१।०८२ का लागि यस गण्डकी गाउँपालिकाले आय ठेक्का अन्तर्गत वुढी गण्डकी र त्रिशुली नदी अन्तर्गतका विभिन्न घाटहरुको अलग अलग प्याकेजमा ठेक्का आव्हान गरेकोमा त्रिशुली नदीको ठेक्का वोलकवोल गरी भ्याट वाहेक रु. १ करोड १४ लाख ७७ हजार ७ सय ७७ रुपैया आय प्राप्त भएको छ।

१०. अनुदान प्रणालीलाई वैज्ञानिक एवं व्यवस्थित बनाउदै उत्पादककै हातमा अनुदान पुऱ्याउने हेतुले उत्पादनमा आधारित अनुदान कार्यक्रममार्फत कृषि तथा पशु उपजमा अनुदान प्रदान गरिएको छ।

११. गाउँपालिकाका वडाहरुको भौगोलिक दुर्गमता एव बस्तीहरुको विकेन्द्रीकरणलाई समेत ध्यानमा राखी वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप जनताको माझमा पुऱ्याउने उद्धेश्यले घुम्ती सेवा केन्द्रको विस्तारीकरण गदै सोलाई प्रभावकारी बनाउदै लगिएको छ।

१२. गण्डकी गाउँपालिकाले आफ्ना प्रत्येक नागरिकहरुलाई स्वच्छ ढंगले वाच्न पाउनु पर्छ भन्ने सिद्धान्तलाई आत्मसात गर्दै एक घर एक धाराको राष्ट्रिय अभियानलाई मुर्तरुप दिई सङ्घ/ प्रदेश सरकारको समन्वयमा खानेपानी सरसफाई तथा स्वश्छता योजना तयार गर्न आवश्यक तथ्याङ्क संकलन सम्बन्धी कार्यलाई अगाडि बढाइएको छ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेटसँग साझेदारी गरि गुणस्तरीय आयोजना निर्माण तथा बस्ती केन्द्रीत विभिन्न सिढी निर्माण लगायतका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको प्रयास गरिएको छ।

१४. शैक्षिक गुणस्तरको अभिबृद्धिका लागि विभिन्न शैक्षिक संस्था केन्द्रीत क्षमता विकास कार्यक्रमहरुको आयोजना गरिएको छ।

१५. कार्यसम्पादनमा सुधार गर्दै स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) तथा वित्तिय सुशासन जोखिम मूल्याँकनको नतिजामा उल्लेख्य सुधार हासिल गर्न सफल भएका छौ। स्वमूल्याँकनमा अघिल्लो वर्षको तुलनामा ७.५ अंकको सुधार गरी ९१.५ अङ्क तथा वित्तिय जोखिम मूल्याँकनमा ६.५ अंकको सुधार गरी ८६.५ अङ्क हासिल गर्न सफल भएका छौ।

१६. "खोज र खोप" भन्ने नारालाई अङ्गीकार गर्दै बालबालिकाहरुलाई पूर्ण खोप कार्यक्रमलाई तिब्रता दिई पूर्ण खोप युक्त गाउँपालिका घोषणा भएको छ।

१७. ज्येष्ठ नागरिकहरु तथा अशक्त असहाय नागरिकहरु लक्षित गरी सबै वडाहरुमा घरघरमा डाक्टर कार्यक्रम आयोजना गरिएको छ।

१८. खुल्ला प्रतिस्पर्धाको मर्मलाई मूर्तरुप दिन खरिद प्रक्रियामा इ-बिडिंगलाई प्राथमिकता दिइएको छ।

१९. कृषि तथा पशुपालन सँग सम्बन्धित विभिन्न भैपरि आएका संक्रमण तथा रोगहरुको निराकरणका लागि जिल्ला भेटेरिनरी कार्यालयसँगको सहकार्यमा पशुमा पूर्ण खोप कार्यक्रम लागु गरि पालिकाका सबै पशुहरुमा खोप लगाईएको छ।

सम्मानित सभाका सदस्यज्यूहरु, अब भने म क्षेत्रगत रुपमा भएका प्रमुख प्रयासहरुको बारेमा यस सभामा जानकारी गराउन चाहन्छु ।

**क) आर्थिक बिकास :**

१. कृषि तथा पशुपालन लक्षित विशेष कार्यक्रमहरु सञ्चालन भएको छ । प्राङगारिक खेतीलाई प्रबर्धन गर्नका लागी समुहगत रुपमा अनुदान प्रदान गरिएको छ ।

२. प्राङगारिक मल उत्पादनको लागि कृषकको घरघरमा सुधारिएको कम्पोष्ट मल संरचना निर्माण गरिएको छ ।

३. गाउँपालिका द्धारा वितरण हुने सम्पूर्ण अनुदानमा अनुदानग्राहीको अपनत्व बृद्धि गर्ने तथा अनियमितता रोक्ने उद्धेश्यले निश्चित प्रतिशत साझेदारी लागु गरिएको छ ।

४. कृषिको आधुनिकिकरण, व्यावसायिकरण र वैज्ञानिकीकरण गर्न विभिन्न स्थानहरुमा कृषकहरुलाई कृषि यन्त्रहरु तथा हाते ट्याक्टरहरु वितरण गरिएको छ।

५. प्राङगारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न व्यवसायिक खेती हुने स्थानहरु लक्षित बालीमा आधारित जैविक विषादी बनाउने तालिमको सञ्चालन गरिएको छ ।

६. कृषि उत्पादनमा विषादी न्यूनीकरणको लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु तथा छापामार्फत प्रचारप्रसार गरिएको छ ।

७. राष्ट्रिय अभियान अन्तर्गतको कृषक सूचीकरण कार्यक्रम अन्तर्गत गण्डकी गाउँपालिका भित्रका ४६५१ घर परिवार कृषक सूचीकरणमा सूचीकृत गरिएको छ ।

८. कृषि विकास कार्यक्रम अन्तर्गत मौरीपालनलाई प्रोत्साहन एवं प्रवर्द्धन गर्न मौरी घार वितरण गरिएको छ ।

९. पशुपालनलाई प्रोत्साहन गर्न र पशुपालनबाटै गरिबीको न्यूनीकरण गर्न वडा नं ३ र ४ का गरिब विपन्न तथा दलित परिवारलाई अनुदानमा भैसी पाडी वितरण गरिएको छ ।

१०.बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत बाख्रा खोर सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

११.रेविज रोग नियन्त्रण, महामारी तथा आकस्मिक रोग नियन्त्रण, आधारभूत प्रयोगशाला, निशुल्क बन्ध्याकरण शिविर, कृत्रिम गर्भाधान मिसन कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन गरि पशुपालक कृषकलाई प्रोत्साहन गरिएको छ ।

१२. हरेक वडामा कृषि तथा पशु प्राविधिकहरुको व्यवस्था गरि नियमित रुपमा कार्यालय तथा स्थलगत सेवा प्रदान गरिदै आइएको छ ।

१३.स्थानीय वेरोजगार समुहका युवाहरुलाई रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार श्रमिकलाई रोजगारी प्रदान गरिएको छ । साथै परम्परागत रुपमा सिप आर्जन गरेका श्रमिक तथा मजदुरहरुको सिपलाई प्रमाणीकरणको लागि प्रदेश सरकार र CTEVT सँगको समन्वयमा सिप परीक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

१४.लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जना तथा पुराना उद्यमीहरुको स्तरोन्नतीको लागि आवश्यक सामाग्रीहरु हस्तान्तरण गरिएको छ ।

१५.स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टेमा साझेदारीमा आधारित घरेलु मदिरा उत्पादन तथा बजारिकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

**ख) सामाजिक बिकास :**

१. विद्यालयमा कार्यान्वयन भएको दिवा खाजा, नयाँ स्थानीय पाठ्यक्रम र गाउँपालिकाबाट संचालित योजनाहरूको निरन्तर अनुगमन गरी कार्यान्वयनको गुणस्तरीयतालाई प्राथमिकतामा राखिएको छ।

२. न्युन आय भएका, अति सिमान्तकृत वर्गको शैक्षिक पहुँच सुनिश्चतताका लागि विद्यालयमा छात्राबासको व्यवस्थापन गरिएको छ । साथै छात्रावासको स्तरोन्नतीका लागी गै.स.स हरु सँगको समन्वयमा थप भौतिक सामाग्रीहरु सहयोग गरिएको छ ।
३. चालु आ.व. २०८१।०८२ देखि कक्षा ५, ८ र १० को शिक्षक विद्यार्थी एवं विद्यालय मध्ये उत्कृष्ट शिक्षक विद्यार्थी र विद्यालयलाई पूरुस्कृत गर्ने व्यवस्था मिलाई सोही अनूरुप पुरुस्कार वितरण सम्पन्न भएको छ ।
४. गाउँपालिका अध्यक्ष कप फुटवल तथा पाँचौ राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगिता आयोजना गरी सम्पन्न गरिएको छ । यसै गरी आइसिटि श्रोत शिक्षकहरुको तालिम, पाठ्यक्रम प्रवोधिकरण कार्यशाला एवं विद्यार्थि कथा लेखन प्रतियोगिता र नेतृत्व विकास कार्यक्रम सम्पन्न गरिएको छ ।
५. गाउँपालिका भित्रका सवै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी सिष्टम लागू गरिएको छ र यसलाई क्रमशः सवै विद्यालयहरुमा लागू गरिदै जाने व्यहोरा यस अवसरमा जानकारी गराउन चाहान्छु ।
६. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई पेशावृत्ती अभिमुखिकरणलाई निरन्तरता दिई कार्यक्रम कार्यान्वयन भई रहेको छ ।
७. गण्डकी योगदान कोष मार्फत असहाय एवं विपन्न विद्यार्थीलाई SEE दिन जादा खानवस्नको प्रवन्धको लागि आवश्यक आर्थिक सहायता गरिएको छ ।
८. नागरिकहरुलाई स्वस्थ्व ढंगले जिउने वातावरण तयार गर्नु पर्ने स्थानीय सरकारको दायित्वलाई थप मध्येनजर गर्दै यस गाउँपालिकाका भित्रका सवै लाभग्राहीहरुलाई लक्षित गरी गत माघ महिनाको २२ गते देखि २५ गते सम्म अभियानकै रुपमा एच पि.भि.खोप लगाउने कार्यक्रम सम्पन्न गरिएको छ ।
९. गाउँपालिका भरि ३ वटा एम्बुलेन्सबाट सर्वसुलभ सेवा प्रदान गरिएको छ । गर्भवती महिलाहरुलाई सुत्केरी हुदाँ स्वास्थ्य संस्था तथा रिफर भएर अन्य संस्थामा जादा समेत नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
१०. विभिन्न सरकारी तथा गैरसरकारी बिकास साझेदारहरुलाई विकास निर्माण लगायतका गतिविधिहरु संचालनका लागि एक द्वार प्रणालीमा ल्याउने प्रयास गरिएको छ ।

**ग) पूर्वाधार बिकास :**

१. सडक गुरुयोजना निर्माण भई सोको आधारमा गाउँपालिका भित्रका सबै सडकहरु वर्गिकरण भएको छ ।
२. गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरुमा रु ५० लाखको वडा गौरवको आयोजना कार्यान्वयन निरन्तरता गरिएको छ । वडा गौरव अन्तर्गत वडाको मुख्य सडकलाई विशेष प्राथमिकतामा राखि काम गरिएको छ ।
३. साना बजेटका टुक्रे सडक योजना भन्दा ठूला प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखि काम अगाडि बढाईएको छ ।
४. भौतिक पूर्वाधार तर्फका अधिकांस आयोजनाहरुमा बिनियोजित बजेटको परिमाण भन्दा बढी परिमाणमा कार्य भएको छ ।
५. गाउँपालिका क्षेत्रभित्रका सडक सञ्जालले नछोएका वस्तीहरुसम्म नयाँ ट्र्याक निर्माण गरी सडक सञ्जालले जोड्ने र सडक सञ्जालले जोडिएका वस्तीहरुसम्म सडक स्तरोन्नती गरी सर्वयाम यातायात सूचारु गर्ने यस पालिकाको लक्ष्य एवं उद्देश्य रही आएकोले सोही बमोजिम कार्य भएको छ । वर्षाले अवरुद्ध भएका सडक गाउँपालिकाको डोजर एव निर्माण व्यवसायीहरुसँगको सहकार्यमा खुलाउने गरी सम्झौता गरी कार्य गरिएको छ ।
६. ढुङ्गा गिट्टी, बालुवा जस्ता नदीजन्य एवं साधारण निर्माणमुखी सामाग्रीहरुको संकलन एवं व्यवस्थापनको प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण एवं प्रतिवेदन तयारी सम्पन्न गरिएको छ ।

७. कृषि उपजहरुको सहज ढुवानीको लागि आधुनिक प्रविधिमा आधारित विद्युतीय रोपवे निर्माण कार्यलाई अगाडि बढाइएको छ। विभिन्न महिला तथा सामुदायिक भवनहरुको निर्माण सम्पन्न गरिएको छ।

८. योजना अनुगमन तथा सुपरिवेक्षण कार्यमा डिजिटल प्रविधि प्रयोग को थालनी भएको छ साथै अनुगमनलाई परिमाणगत मात्र नभई गुणस्तरमापन तर्फ पनि अग्रसर बनाउँदै लगिएको छ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

१. गाउँपालिका सदरमुकाम र मुख्य राजमार्ग जोड्ने विभिन्न वडाहरु अन्तर्गत सडकहरु मर्मत सम्भार गरि समयमै यातायात सुचारु गरिदै आइएको छ।

२. हावा हुरी, आगलागी जस्ता विपदबाट गाउँ पालिकाभरि घर गोठ पूर्ण तथा आंशिक क्षति भएका विपद पिडित परिवारहरुलाई आर्थिक राहत वितरण गरिएको छ।

३. वातावरण व्यवस्थापन अन्तर्गत पिच सडकको दायाँवायाँ वृक्षारोपण गर्ने कार्यको थालनी गरिएको छ।

**ङ) संस्थागत विकास तथा सुशासन :**

१. गाउँपालिकाद्वारा गरिने हरेक गतिविधिलाई मितव्ययी एवं व्यवस्थित बनाउन गण्डकी गाउँपालिकाको आफ्नै खर्च मापदण्ड तयार गरि लागू गरिएको छ।

२. कर्मचारीहरुलाई कार्यविवरण सहित कार्य सम्पादनमा जिम्मेवार बनाइएको छ।

३. कर्मचारीको बिदा काज एवं अन्य व्यक्तिगत विवरणलाई ई हाजिरी प्रणालीमार्फत व्यवस्थित बनाइएको छ।

४. सफ्टवेयर जडान गरि राजश्व लेखांकन र प्रतिबेदन प्रणालीलाई व्यवस्थित गरिएको छ।

५. सम्पूर्ण आर्थिक कारोबारलाई EFT प्रणालिमा लगि सेवाग्राहीहरुलाई पालिकासम्म आउनु पर्ने बाध्यताको अन्त्य गरिएको छ।

६. राष्ट्र बैंक निर्देशिका बमोजिम को खाता संचालन गरि आर्थिक कारोबार लाई पारदर्शी एवं व्यवस्थित गरिएको छ।

७. गाउँपालिकाको सबै आर्थिक कारोबारहरू बिद्युतिय लेखा प्रणाली SuTRA र CGAS मार्फत अभिलेखिकरण गरिएको छ।

८. सबै वडाहरुमा घटना दर्ता अनलाइन मार्फत डिजिटल अभिलेखिकरण गरिएको छ।

९. सूचना संचार प्रबिधि अन्तर्गत गाउँ पालिकाको वेवसाइट अद्यावधिक गरि कानुन, प्रतिबेदन, योजना, सुचनाहरु नियमित रुपमा अपलोड गर्ने र चलन चल्तीका मुख्य सामाजिक संजाल मार्फत सूचना सम्प्रेसण गरि सेवा प्रबाहमा प्रभावकारिता ल्याउने प्रयास गरिएको छ।

१०. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यबस्थित गर्न जिन्सी निरीक्षण तथा अनुगमन मुल्यांकन र नियमनलाई प्रभाकारी बनाइएको छ।

११. जनताको सूचनाको हकलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने/गराउने प्रयास स्वरुप उजुरी, गुनासो फछर्यौट तथा गाउँपालिकाका गतिबिधि र सूचनाहरुलाई दैनिक, मासिक तथा चौमासिक रुपमा स्वत:प्रकाशन (*Pro-active Disclosure*) गर्ने गरिएको छ। गाउँपालिकामा सूचना अधिकारी एव प्रवक्ताको व्यवस्था गरि सूचनाहरु सम्प्रेषण गर्ने गरिएको छ।

सम्मानित सभा सदस्यज्यूहरू, अब भने म यस गण्डकी गाउँपालिकाले आर्थिक वर्ष २०८२।८३ मा विकास निर्माण तथा सेवा प्रवाहका लागि प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमको बारेमा जानकारी गराउन चाहन्छु :

**आगामी आ.व. २०८२/०८३ प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः**

**क) आर्थिक विकास**

१. कृषि तथा पशुपालनमा लागु गरिएको उत्पादनमा आधारित अनुदान कार्यक्रम लाई थप विस्तारीकरण गरी बजेट बिनियोजन तथा प्रचार प्रसार गरिनेछ । कृषि उपजको वजारीकरण एवं व्यवसायीकरणको लागि आवश्यक नवीनतम पूर्वाधार निर्माणलाई प्राथमिकता एवं निरन्तरता दिइनेछ ।
२. गण्डकी योगदान कोषको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित वर्गविशेषको उत्थान एवं संरक्षण गरिनेछ ।
३. पालिका तथा वडामार्फत सञ्चालन हुने लक्षित वर्ग विशेष अनुदान तथा वितरणकारी कार्यक्रममा गरिब घरपरिवार वर्गीकरण सम्बन्धी तथ्याङ्कलाई आधारको रुपमा लिइनेछ ।
४. गाउँपालिका भरिका वडा कार्यालय जोड्ने प्रमुख बाटोलाई पक्की नाला निर्माण तथा ग्राभेल गरी बाह्रै महिना सञ्चालन गर्ने गरी व्यवस्था गरिनेछ। ।
५. प्रबिधिमैत्री राजश्व सुधार कार्यक्रम मार्फत गाउँपालिकाको आन्तरिक आयमा अभिवृद्धि गरिनेछ। वडाहरुबाट संकलन हुने राजस्वको मात्रालाई थप प्रोत्साहन गर्न प्रत्येक वडामा संकलन भएको राजस्वको पचास प्रतिशत रकम सोही वडालाई थप बजेट प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।
६. स्थानीय रुपमा उपलब्ध नदिजन्य पदार्थहरुको नीति नियमको परिधिभित्र रही उचित सिमाङ्कन, व्यवस्थापन तथा उत्खनन गरि गाउँपालिकाको आन्तरिक आयमा अभिबृद्धि गरिनेछ। ।
७. स्थानीय प्राकृतिक श्रोत तथा साधन, मानव जनशक्ति, सीप र ज्ञानमा आधारित कृषि, पशुपन्छी, उद्यम र श्रममा आधारित रोजगारी प्रबर्धनका कार्यक्रमहरु, सिपमूलक तालिमहरु आयोजना गरिनेछ।
८. श्रम, रोजगार, सुरक्षीत आप्रवासन एवं सामाजिक सुरक्षाको प्रवर्द्धन तथा कार्यान्वयन मार्फत आर्थिक विकासको आधार तयार गरिनेछ ।

**ख) सामाजिक विकास**

१. गर्भवती महिला, नवजात शिशु, तथा बालबालिकामा देखापर्ने कुपोषणको दरमा न्यूनीकरण गर्दै मातृ मृत्यु तथा शिशु मृत्युदरमा कमि ल्याउन षोषण प्रवर्द्धन लगायतका कार्यक्रमहरु आयोजना गरिनेछ।
२. शैक्षिक गुणस्तर सुधार्न विद्यालय, शिक्षक, विद्यार्थी एव अभिभावक केन्द्रीत एवं नविनतम प्रविधिमैत्री कार्यक्रमहरु आयोजना गरिनेछ ।
३. स्वास्थ्य सुधारका कार्यक्रमका साथै आयुर्वेदिक र योग स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु आयोजना गरिनेछ ।
४. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यक्रम मार्फत घरेलु/लैंगिक हिंसा न्यूनीकरण, सिमान्तकृत समुदायहरुको विकासमा पहुँच बढ्ने, अधिकार सुनिश्चित हुने र आर्थिक उपार्जनमा अगाडी बढ्ने कार्यक्रमहरु आयोजना गरिनेछ ।
५. सामाजिक पुर्वाधारहरु जस्तै: स्वच्छ खानेपानी तथा सरसफाई, शैक्षिक विकास, स्वास्थ्य पूर्वाधार स्तरोन्नती सम्बन्धी कार्यक्रमहरु आयोजना गरिनेछ । सिमान्तकृत, विपन्न र दलित जनसमुदायको गरिबी निवारण तथा क्षमता विकास कार्यक्रम अन्तर्गत सो समुदायहरुको गुणात्मक क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ। ।

**घ) पूर्वाधार विकास**

१. वडाद्धारा प्राथमिकतामा राखिएका गाउँपालिका केन्द्र जोड्ने दिगो सडक पूर्वाधार एवं गाउँपालिका तथा वडा गौरबका सडक स्तरोन्नती सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

२. गाउँपालिकाको प्रशासनिक भवन निर्माण, तथा कर्मचारी आवासगृह निर्माणलाई विशेष प्राथमितामा राखिनेछ ।
३. खेति योग्य जमिनमा कृषि उत्पादन बढाउनका लागि सङ्घ र प्रदेश सरकारको समन्वयमा सिंचाई आयोजनाहरु निर्माण तथा कृषि पूर्वाधार निर्माणमा जोड गरिनेछ ।
४. सर्बसुलभ एवं स्वच्छ पिउने पानी व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु आयोजना गरिनेछ ।
५. शिक्षा एवं स्वास्थ्य अन्तर्गत विभिन्न सरकारी तथा सामुदायिक भवनहरुको उचित मर्मत सम्भार गरिनेछ ।

**घ) वन, वातावरण तथा विपद व्यवथापन**

१. जैविक बिबिधता बचाउन र भू-संरक्षण गर्न, वातावरण संरक्षण तथा व्यवस्थापन गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
२. बिपदका जोखिमहरू न्युनिकरण गर्दै विपद जोखिम अनुकुलन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. जलवायु अनुकुलित एबं उत्थानशील कृषि प्रणाली, स्वास्थ्य व्यवस्थापन, पूर्वाधार निर्माण (IEE & EIA), जैविक बिबिधता, जलश्रोत जस्ता क्षेत्रलाई टेवा पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. फोहरमैला व्यवस्थापनका कार्यक्रमहरु तथा घरबाट निस्कने कुहिने फोहोरहरुको व्यवस्थापनतर्फ कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकास**

१. वित्तिय भुक्तानी प्रणाली EFT लाई निरन्तरता दिदै प्रभावकारी एवं व्यवस्थित बनाइनेछ।
२. राजस्व संकलनका लागि अर्थ मन्त्रालयद्धारा निर्दिष्ट सुत्रमा आधारित राजस्व संकलन प्रणालीलाई प्राथमिकता दिईनेछ।
३. स्थानीय तह संचालनका लागी आवश्यक पर्ने तथा बन्न बाँकी कानुनहरु निर्माण र कार्यान्वयन गरिनेछ ।
४. गाउँपालिका पदाधिकारी र कर्मचारीहरुलाई स्थानीय सरकार संचालन गर्न सीपयुक्त र क्षमतावान बनाउन मानव संशाधन विकास तथा मानव पुंजी निर्माणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
५. उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता, जवाफदेहिता र समाबेशिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. सार्बजनिक निजी साझेदारी कार्यक्रम मार्फत निजी क्षेत्रलाई विकास निर्माणका कार्यमा सहभागी गराउने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । साथै विकास साझेदार र गैह्र सरकारी संघ संस्थाहरुसंग समन्वय र साझेदारी हुन् किसिमका कार्यक्रमहरु तथा आयोजनाहरु सञ्चालन गरिनेछ ।

सम्मानित सभा सदस्यज्यूहरू , अब भने म यस गण्डकी गाउँपालिकाले आर्थिक वर्ष २०८२।८३ मा विकास निर्माण तथा सेवा प्रवाहका लागि अबलम्बन गर्ने प्रमुख नीतीहरुको बारेमा जानकारी गराउन चाहन्छु :

**गण्डकी गाउँपालिकाले आगामी आ.व. २०८२/०८३ मा अवलम्बन गर्ने प्रमुख नीतिहरुः**

**क) आर्थिक विकास :**

**कृषि बिकास**

१. कृषकलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप विस्तारिकरण तथा प्रचार गरिनेछ । उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित गर्न एवं सो को बारेमा तत्काल जानकारी प्राप्त गर्न (Real Time Tracking) को लागि डिजिटल प्रणाली प्रयोगमा ल्याइनेछ ।

२. आयातित रासायनिक मल एवं विषादीको वढ्दो प्रयोग तथा सो को अवशेषबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन, बजारीकरण र उपभोगमा वृद्धि तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि उत्पादन र वातावरण संरक्षण गर्न विषादी न्यूनीकरण, प्राङ्गारिक मल उत्पादन एवं अर्गानिक खेती प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. प्राथमिकीकरण गरिएका तथा उच्च सम्भावना भएका बाली वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न गुणस्तरीय उत्पादन सामाग्रीको उपलब्धता, सिँचाइ पूर्वाधार विकास, उन्नत प्रविधिको अवलम्बन र उत्पादनोपरान्तको क्षति न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. रैथानै तथा स्थानीय बाली र पशुपन्छीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन एवं उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ । खाली र बाँझो जग्गामा स्थानीय जलवायु सुहाउँदो उपयुक्त प्रजातिको पकेट क्षेत्र पहिचान गरी फलफूल सहितको **कृषि वन प्रणाली** विकास गरिनेछ ।

५. कृषि अनुसन्धान, प्रसार र शिक्षाको अन्तरसम्बन्धलाई मजबुत पार्न अनुसन्धानमा क्रियाशील निकायसँगको समन्वयमा कृषि क्षेत्रका समस्यामा आधारित विषयमा कार्यमुलक अनुसन्धान गरिनेछ । साथै कृषि तथा वन विज्ञान विश्वविद्यालय, अनुसन्धान तथा प्रसार निर्देशनालय अन्तर्गत गण्डकी गाउँपालिका वडा नं ७ मा अवस्थित कृषि विज्ञान केन्द्रसँगको समन्वय एवं सहकार्यमा कृषि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. भौगोलिक रुपमा उपयुक्त एवं सतह सिंचाई नपुगेका ठाउँमा आकाशे पानी सञ्चित गरी कृषि बालीमा सिंचाई प्रवन्ध मिलाउन **संरक्षण पोखरी निर्माण** कार्यक्रमलाई अगाडि बढाइनेछ ।

७. कृषि क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा भएका असल अभ्यासहरुको आदानप्रदान एवं आन्तरिकीकरण गर्दै कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न नविनतम प्रविधि लक्षित गरी कृषक /कृषक समूहको क्षमता अभिवृद्धि एवं प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

८. माटो परिक्षणको आवश्यकता तथा महत्वबारे चेतना अभिवृद्धि गर्दै माटो परिक्षण सेवालाई प्रभावकारी बनाउन एवं कृषकको बालीमा लाग्ने रोग कीरा पहिचान, नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यकताको आधारमा शिविर एवं कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. कृषि कर्मलाई सहज तथा उत्पादन लागत कम गर्न कृषि यान्त्रिकरणको महत्वलाई आत्मसाथ गर्दै कृषकको मागको आधारमा **कृषि यान्त्रिकरण कार्यक्रम** संचालन गरिनेछ । साथै उत्पादनमा प्रविधिलाई अपनत्व गराउन कृषि प्राविधिकहरुलाई समुदायमा परिचालन गरी कृषकहरुलाई घरदैलोमा सेवा प्रदान गरिनेछ ।

१०. बागवानी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न **प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम** संचालन गरिनेछ । साथै फलफुल खेतीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नयाँ वगैचा स्थापना र पुराना बगैचाको सुदृढीकरणमा कार्यमा जोड दिइनेछ ।

**पशुपंक्षी बिकास**

११.पशुपंक्षीपालनलाई व्यवसायिकरण गर्दै कृषकलाई मासु, अण्डा एवं दुग्ध उत्पादनमा आत्मनिर्भर बनाई उत्पादन, उत्पादकत्व एवं आयआर्जनमा वृद्धि गर्न उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिदै प्रचार प्रसारको माध्यमबाट पशुपालक किसानहरुमाझ पुऱ्याइनेछ।

१२.पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरूको आर्थिक सुरक्षण गर्दै यस्ता व्यवसायतर्फ कृषकलाई आकर्षण गरी कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी सुरक्षित गर्न गाउँपालिका भित्रका पशुवस्तुहरुको लागि **पशु विमा कार्यक्रम** संचालन गरिनेछ।

१३.सामुदायिक कुकुरहरुको सङ्ख्या नियन्त्रण एवं मानिस तथा पशुहरुमा प्राणघातक रेविज रोगको प्रकोप न्यूनीकरण गर्नको साथै सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेविजबाट हुने मुत्युदरलाई शुन्यमा झार्ने सरकारको नीति अनुसार रेविज नियन्त्रणका लागि **कुकुर बन्धाकरण तथा रेविज विरुद्ध खोप शिविर** संचालन गरिनेछ।

१४.स्वस्थ्य पशु तथा स्वच्छ एवं गुणस्तरीय पशुजन्य उत्पादनमा वृद्धि गर्नका लागि परजिवी तथा रोगबाट न्यूनिकरण गर्न परिजिवी नियन्त्रण सम्बन्धी कार्यक्रम तथा आवश्यक औषधीउपचारको व्यवस्थापन गरिनेछ। साथै विभिन्न समयमा विपद् बाट हुने पशुपंक्षीजन्य क्षतिका लागि आवश्यक राहतको प्रवन्ध गरिनेछ।

१५.पशुपन्छी पालन व्यवसायको प्रवर्द्धन र संवर्द्धनको लागि पशु नस्ल सुधार तथा आहारा व्यवस्थापनका लागि बाँझो तथा बाँदर प्रभावित क्षेत्रमा घाँस उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। साथै वडामा रहेका पशु प्राविधिकहरुलाई तालिका बनाई वडाका हरेक बस्तीहरुमा परिचालन गर्दै किसानको घर दैलोमा सेवा विस्तार गरिनेछ।

**सहकारी व्यवस्थापन**

१६.गरिबी न्यूनीकरण, स्थानीय रोजगारी, उत्पादन तथा उद्यमशीलतामा सकरात्मक योगदान दिएका चुस्त दुरुस्त ढंगले सञ्चालित सहकारीलाई प्रोत्साहन गरिनेछ। हाल सहकारी क्षेत्रमा देखिएमा वेथिति, विसंगति, बचत अपचलन र ठगीलाई नियन्त्रण गर्न पालिकामा रहेका सहकारी संस्थाको तथ्याङ्क अद्यावधिक गरी प्रभावकारी नियमनको व्यवस्था गरिनेछ।

१७.**"गाउँपालिका र सहकारीः उत्पादन र बजारीकरणमा साझेदारी"** भन्ने मान्यताका साथ सहकारी क्षेत्रमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ। साथै सहकारीमार्फत कृषि उत्पादनको बजारीकरण गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१८.कृषि उपज सङ्कलन, भण्डारण र बजार पहुँच विस्तारका लागि कृषि एवं उत्पादनमा जाने सहकारीलाई प्रवर्द्धन गर्दै "**एक सहकारीः एक व्यवसायिक उत्पादन**" मार्फत, उद्योग तथा रोजगारी अभियान सञ्चालन गरिनेछ।

१९.सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारि बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आबद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। साथै सहकारी संस्थाहरूका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

**श्रम, रोजगारी तथा उद्यम विकास**

२०. संविधान प्रदत्त न्युनतम रोजगारीको हक लाई प्रत्याभुत दिलाउन गण्डकी गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र लाई आन्तरिकीकरण र थप सुदृढीकरण गर्दै सो केन्द्र अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP), गरिवी

निवारणका लागी लघू उद्यम कार्यक्रम (MEDPA), सुरक्षीत आप्रवासन परियोजना (SaMi), श्रम सम्बन्धी कार्य, सामाजिक सुरक्षा कोष कार्यक्रम, वैदेशीक रोजगार बोर्ड र कोष मार्फत सञ्चालित कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम जस्ता युवा लक्षित रोजगारमुलक कार्यक्रमहरु रहने संगठन संरचना तयार पारि सञ्चालनमा ल्याइनेछ ।

२१. स्वरोजगारमा संलग्न तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूले आर्जन गरेका ज्ञान र सिपलाई मान्यता प्रदान गर्न सिप परीक्षणलाई निरन्तरता दिँदै उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ ।

२२. युवामा सकारात्मक सोच, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिदै पालिका भित्र उद्यम सञ्चालन गरिरहेका सफल उद्यमीको प्रोत्साहनको लागी **"युवा उद्यमी सम्मान तथा प्रोत्साहन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२३. **"आफ्नै सिप, आफ्नै कामः नखाऔं है खाडीको घाम"** भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमसिलता विकास तथा प्रविधि सहितको स्वरोजगार हुन र स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योग सञ्चालन गर्न प्रोत्साहित गर्दै प्रतिभा पलायन तथा श्रम पलायन (Brain Drain & Muscle Drain) को समस्यालाई न्यूनीकरण गरिनेछ । बैदेशिक रोजगारीबाट प्राप्त भएको सीप, पूँजी, प्रविधिलाई आयआर्जन र उद्यमसँग जोडिनेछ । ग्रामीण क्षेत्रमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. आधुनिक प्रविधिको प्रयोग गरी स्थानीय रुपमा उत्पादन हुने मदिराको गुणस्तर वृद्धि गर्दै ब्राण्डिङ्ग एवं बजारीकरण गर्ने कार्यलाई अझै व्यवस्थित गर्दै अगाडि बढाइनेछ ।

२५. आप्रवासी कामदार तथा तिनीहरूका परिवारको अधिकारको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

२६. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिने छ । उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ। जसको लागि वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न सहूलियत ऋण एवम् सीप तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग पनि समन्वयात्मक तवरबाट सेवा प्रवाह गर्ने नीति लिईने छ।

## पर्यटन विकास

२७. गण्डकी गाउँपालिकाको आन्तरिक पर्यटन प्रवर्द्धनको लागि नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय उपजको विविधीकरण, होमस्टेको प्रवर्द्धन, पर्यटकको सेवा र सुविधाको विकास, पर्यटकीय पूर्वाधार निर्माण र सो को डिजिटल नक्साङ्कनमार्फत प्रचारप्रसार गर्दै पर्यटनलाई आर्थिक विकास एवं रोजगारीसँग जोड्दै अगाडि बढाइनेछ ।

२८. गण्डकी गाउँपालिका वडा नं ६ स्थित भैरवी र वडा नं २ स्थित महादेवडाडा मा पर्यटन आगमन प्रवर्द्धन गर्दै आर्थिक समृद्धि हासिल गर्नको लागि क्रमशः "VISIT BHAIRAVI" र "VISIT MAHADEVDANDA" अभियान सञ्चालन गरिनेछ ।

२९. साहसिक जलयात्राको विश्वविद्यालयको रुपमा समेत लिइने त्रिशुली नदीमा जलयात्रा र्‍याफ्टिङ प्रवर्द्धन गर्दै पर्यटन विकास गरिनेछ । साथै गण्डकी गाउँपालिका वडा नं ४ स्थित भैरविथान, बुढीगण्डकी र त्रिशुली नदीको को संगमस्थलको रुपमा रहेको गण्डकी गाउँपालिका वडा नं ८ स्थित बेनीधाम लगायतका स्थलहरुको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार मार्फत धार्मिक पर्यटकलाई आकर्षित गरिनेछ ।

**ख) सामाजिक विकास :**

**शिक्षा, युवा तथा खेलकुद**

३०.विद्यार्थी सङ्ख्या, भूगोल, औचित्यता एवं आवश्यकतालाई मध्यनजर गरी **"एक वडा, एक माध्यमिक विद्यालय"** को नारालाई साकार पार्न प्रोत्साहनमूलक कार्यक्रमहरुमार्फत विद्यालय एकीकरण तथा शिक्षक दरबन्दी समायोजनलाई अभिप्रेरित गरिनेछ । आवासीय विद्यालयको अवधारणालाई मुर्तरुप दिदै यसको विकास एवं व्यवस्थापनको लागि थप प्रभावकारी कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ । साथै निर्मित शैक्षिक संस्थाहरुको आवश्यकताअनुसार मर्मतसम्भारको व्यवस्था मिलाइनेछ।

३१.पठन संस्कृतिलाई प्रवर्द्धन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकमाझ **"सिकाउनका लागि पढौं"** अभियान सञ्चालन गरिनेछ। गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रविधिमैत्री शिक्षण सिकाई एवं रुपान्तरणमा जोड दिदै **"डिजिटल गण्डकीः डिजिटल शिक्षा"** लाई मुर्त रुप दिइनेछ।

३२.गण्डकी गाउँपालिकाभित्रको विभिन्न आयाम तथा क्षेत्रमा अनुसन्धान गर्ने कार्यमा संलग्न हुने वैज्ञानिक, अनुसन्धानकर्ता एवं विद्यार्थीलाई आकर्षित एवं प्रोत्साहन गरिनेछ।

३३.शिक्षकलाई आधुनिक सूचना प्रविधिसँग अभ्यस्त र अद्यावधिक गराउन **"प्रविधिसँगै शिक्षक"** अभियान सञ्चालन गरिनेछ । आजका वालवालिकाहरु सुनौलो भविश्यका कर्णधार भएकोले उनीहरु भित्र शुषुप्त अवस्थामा रहेको प्रतिभालाई प्रस्फुटित गर्दै अगाडी वढाउदै लगिने विविध कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ।

३४.प्रारम्भिक वालविकास केन्द्रलाई व्यवस्थित र नतिजामूलक बनाई राष्ट्रिय मापदण्ड अनूरुप रुपान्तरण गर्न वालविकास सहजकर्ताको क्षमता विकास, प्रोत्साहन र उत्प्रेरणामा सहजीकरण गरिनेछ ।

३५.स्थानीय भाषा, धर्म संस्कृतिको जगेर्ना गर्दै स्थानीय रितिरिवाज, भौगोलिक अवस्थिति आदिको अध्ययन गर्ने र वालवालिकाहरुमा स्थानीय विषयको जानकारी गराउने उद्देश्यले स्थानीय भाषामा पाठ्यक्रम तयार गरी अनिवार्य पठन पाठनको व्यवस्था मिलाइनेछ। चेपाङ जातीको भाषा र संग्रहालय विकासका लागि विशेष कार्यक्रम सन्चालनमा जोड दिइनेछ।

३६.**"विद्यालय वाहिर रहेका सम्पूर्ण वालवालिका विद्यालय भित्र"** भन्ने नारा सहित विद्यालय भर्ना अभियानमा सम्पूर्ण वालवालिकालाई जोड्दै लैजान विशेष कार्यक्रमहरु सन्चालनमा ल्याइने छ। शैक्षिक प्रशासनमा सुशासन एवं प्रभावकारिताको लागि सम्पूर्ण विद्यालयमा विद्युतीय हाजिरीलाई अनिवार्य गरिनेछ।

३७.**"स्वास्थ्य र अनुशासनको लागि खेलकुद"** भन्ने मुलमर्मलाई आत्मसाथ गर्दै विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**स्वास्थ्य तथा पोषण**

३८.सुत्केरी महिलाहरुको स्वास्थ्य पोषण स्थितिलाई दृष्टिगत गर्दै प्रत्येक सुत्केरी महिलाहरुलाई सुत्केरी पछि ६ महिनासम्म सुत्केरी पोषण खर्च उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। होम डेलीभरी शुन्य नीतिलाई थप प्रभावकारी वनाउदै लैजान विशेष कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ।

३९. पालिकाका सबै वडाहरूबाट निःशुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ। नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधी तथा स्वास्थ्य सामाग्री नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ। पालिका भित्र प्रत्येक वर्ष पूर्ण खोप सुनिश्चितता गरिनेछ।

४०. सरुवा रोग लगायतका महामारी नियन्त्रण तथा रोकथाम गर्न संस्थागत क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी कार्यक्रम सञ्चालन गरिनेछ। जनसंख्या, भूगोल र सेवा उपलब्धताको आधारमा स्वास्थ्यसंस्थाहरुको पुनर्सरचना गरी सेवाको विस्तार गरिनेछ।

४१. महिला स्वास्थ्य स्वयमसेविकाहरुको पहिचान तथा स्वाभिमान उच्च हुने गरी विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ। महिला स्वास्थ्य स्वयमसेविकाले पुऱ्याएको योगदानको कदर गर्दै क्षमता अभिवृद्धि लगायतका तालिमहरु संचालन गरिनेछ। स्वास्थ्य सेवामा हुने आर्थिक जोखिम न्यूनीकरण गर्न गर्भवती महिला, दिर्घ रोघी तथा अति बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य बिमा गर्न प्रोत्साहन गरिनेछ।

४२. पालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट दिइने सेवाको विवरणलाई डिजिटल प्रविधिसँग जोडिनेछ। आधुनिक उपकरणहरुको माध्यमबाट प्रारम्भिक स्वास्थ्य परिक्षण गराउने नीति लिईने छ।

४३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाको मूलधारमा एकीकरण गरिनेछ। समुदायको सहभागितामा योगाभ्यास र स्थानीय जडीबुटीहरूको उत्पादन, प्रशोधन, प्रयोग, प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। आयुर्वेद स्वास्थ्य सेवालाई थप ब्यबस्थित र पहूँचयोग्य बनाउन घुम्ति सेवा विस्तार गरिनेछ।

४४. सुनौलो हजार दिनका सदस्य भएको विपन्न परिवारको आय आर्जन र उद्यमशीलता विकासको लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ। पोसिलो खाना बनाउने विधि र खाद्य स्वच्छता सम्बन्धमा विद्यालय व्यवस्थापन समिति अभिभावक शिक्षक संघ शिक्षक र सहयोगी कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

४५. अपाङ्गता भएका व्यक्तीहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपाङ्गता परिचय पत्रलाई समयमा नै उपलब्ध गराइनेछ। अपाङ्गता परिचयपत्र र जेष्ठनागरिक परिचयपत्रलाई डिजिटल प्रणालिमा आवद्ध गर्दै लगिनेछ।

४६. अपाङ्गता भएका व्यक्ति, दलित र पिछडिएको समुदायको अधिकार संरक्षण संवर्द्धन, क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रमलाई जोड दिदै लक्षित वर्गको आर्थिक उपार्जनमा तथा जीवीकोपार्जनको टेवा पुऱ्याउने खालका विशेष कार्यकम सञ्चालन गरिनेछ।

४७. आजको विश्व वजारमा वढदो रुपमा रहेको प्रविधिको उपयोगलाई वालवालिकाहरु सामु सुरक्षित र सहि ढंगले प्रयोगमा ल्याउन साइवर सुरक्षा सम्बन्धी विविध कार्यक्रमहरु ल्याइने छ। महिलाहरुलाई विश्व परिवेश अनुकुल अगाडी वढाउन आधुनिक डिजिटल प्रणाली मोवाइल बैकिङ्ग, ईन्टरनेट, वालेट जस्ता आधुनिक प्रविधिहरुको प्रयोगमा विस्तार गरिदै लगिनेछ।

४८. युवाहरुलाई शिक्षण तथा सरकारी सेवा तर्फ आकर्षित गर्न गत विगत देखि सन्चालनमा रही आएको शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षालाई निरन्तरता दिदै थप प्रभावकारी कार्यक्रमहरु ल्याइने छ। जेष्ठ नागरिक सहमिलन कार्यलाई प्रभावकारी ढंगवाट कार्यान्वयनमा ल्याउन जोड दिइनेछ। समाजमा प्रेरणाको रुपमा लामो समयसम्म समाजमा मिलेर वसेका जोडीहरुको सम्मानका लागि विविध कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ।

४९. सामाजिक, सांस्कृतिक तथा धार्मिक कुसंस्कारहरु जस्तै वाल तथा वहु विवाह, जातीय विभेद, महिला तथा वालवालिका हिंसा, लागू पदार्थ दुर्व्यसनी, दाईजो प्रथा घरेलु हिंसा लगायत सवै प्रकारका विभेद र विसंगतिहरुलाई नियन्त्रणमा ल्याउन विशेष कार्यक्रम सन्चालन गर्न जोड दिइनेछ।

५०. **"सानै छु बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ"** भन्ने नारालाई सफल बनाउन नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह मुक्त राष्ट्र बनाउने प्रतिवद्वता जनाएको हुँदा बाल विवाह मुक्त पालिका घोषणा गर्न बाल विवाह विरुद्धको कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण:**

५१. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सरलीकृत गर्दै सेवाग्राहीमैत्री एवं सर्वपहूँचयोग्य बनाइनेछ। ब्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्दै घटना दर्ता प्रक्रियालाई डिजीटल एवं प्रविधिमैत्री बनाइनेछ। शैक्षिक संस्थाहरूमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ।

५२. सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने राष्ट्रिय नीतिलाई अवलम्बन गरिनेछ। सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको दर्ता नविकरण बायोमेट्रीक डिभाइसबाट गर्दै सामाजिक सुरक्षामा वितरणमा रहन सक्ने दोहोरोपनालाई निराकरण गरिनेछ।

**भाषा, साहित्य तथा संस्कृति**

५३. भाषा, साहित्य, सङ्गीत कला तथा संस्कृतिको संरक्षण सम्वर्द्धन र विकास गर्न अध्ययन, अनुसन्धान प्रशिक्षणमा जोड दिंदै विभिन्न विधाहरूमा प्रतियोगिता सञ्चालन गरिनेछ। लोक साहित्य, सङ्गीत, भाषा, नाटक जस्ता विधाहरूको संरक्षण, विकास र प्रवर्द्धन सहित श्रव्यदृश्य सामाग्रीको सङ्कलन, निर्माण तथा प्रचारप्रसार गरिनेछ।

५४. पालिका भित्रका लोपोन्मुख भाषा, लिपि, कला र संस्कृति लगायत विभिन्न जातजातिका मौलिक पक्षको जगेनी गरी सांस्कृतिक पर्यटन विकासमा जोड दिइनेछ। स्थानीय रुपमा उपलब्ध संस्कृति, भाषा र परम्परालाई संरक्षण एवं पुस्तान्तरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ग) पूर्वाधार विकास**

५५. गाउँपालिका भित्र एक गाउँपालिका स्तरीय गौरवको योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। वडा भित्रका सवै वडामा वडा गौरवको रुपमा सञ्चालनमा रहेको योजनाहरुको उच्च प्रभावकारिता देखिएको हुदाँ यस कार्यलाई निरन्तरता दिइनेछ। गौरवका योजना छनौट गर्दा गाउँपालिका केन्द्र देखि प्रत्येक वडामा पुग्ने सडक निर्माणलाई उच्च प्राथमिकतामा राखी गाउँपालिका तथा वडातहवाट वजेट तर्जुमा गरिनेछ। साथै गौरवका योजनाअन्तर्गत भौतिक पूर्वाधारको निर्माण तथा कार्यान्वयमा ८०।२० को रेसियोलाई निरन्तरता दिइनेछ।

५६. टुक्रे तथा साना योजनालाई भन्दा दिगो विकासमा जोड दिदै गाउँपालिकावाट भौतिक पूर्वाधारको कार्यमा रु. २ लाख भन्दा रकम वजेट विनियोजन नगर्ने र वडास्तरवाट समेत पूर्वाधारको कार्यमा रु. १ लाख भन्दा साना वजेटको योजना तर्जुमा नगर्ने व्यवस्था मिलाइनेछ। आयोजनाको अनुगमन तथा मुल्याङ्कनलाई नतिजामूलक बनाइनेछ।

५७. भौतिक पूर्वाधार निर्माण तथा अन्य कार्यक्रममा ज्यामीलाई दिने ज्याला, ढुवानी भाडा तथा माल समानको खरिद विक्री सम्बन्धमा आवश्यक पर्ने ज्याला दररेट स्थानीय स्तरमा आफ्नै क्षेत्र भूगोल अनूरुप हुने गरी निर्धारण गरी कार्यान्वयन गरिनेछ।

५८.संघीय तथा प्रदेशस्तरवाट सन्चालनमा आएका योजनाहरुले योजनामा प्रयोगमा ल्याइएका ढुंगा, गिटी, वालुवा जस्ता निर्माण सामाग्रीहरुको राजश्व असुली तर्फ विशेष पहल र समन्वय गरिनेछ।

५९.संघीय सरकारको निर्देशन एवं कार्यपालिकाको निर्णय बमोजिम सामुदायिक भवन, मठ मन्दिर लगायत निर्माणका लागि अत्यावश्यक अवस्थामा बाहेक वजेट तर्जुमा नगर्ने, नगराउने नीति अवलम्बन गरिनेछ। सामुदायिक भवन तथा मठ मन्दिर निर्माणका लागि सम्बन्धित संस्थाको नाममा जग्गाधनी प्रमाणपुर्जा भए पछि मात्रै वजेट विनियोजन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

६०.योजना कार्यान्वयनका लागि वैक खाता सन्चालनमा परेको समस्या समाधानका लागि कार्यालयवाट आवश्यक समन्वयका लागि आ.व.को शुरुमा कार्यान्वयनमा रहेका वैकहरुसँग आवश्यक छलफल गरी बैंक खाता खोल्ने सम्वन्धमा सहजीकरण गरिनेछ।

६१. योजनाहरु कार्यान्वयन गर्दा प्याकेजमा तयार गरी विद्युतीय माध्यम मार्फत वोलपत्र आव्हान गरी निर्माण गर्ने परिपाटीको विकास गरिनेछ। योजनालाई दिगो रुपमा सन्चालन गरी व्यवस्थापन गर्न मर्मत संभारको आवश्यक पर्ने भएकोले मर्मत संभार कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।

६२.गण्डकी गाउँपालिकाको जटिल भुगोल रहेको वडा नं ६ हिक्लुङमा निर्माणाधिन विद्युतीय तरकारी ढुवानी रोपवेको निर्माणलाई निरन्तरता दिइनेछ। प्रशासनिक भवन एवं कर्मचारी आवासगृह निर्माणको लागि आवश्यक प्रवन्ध गरिनेछ ।

६३. आ.व. २०८२/०८३ देखि सार्वजनिक तथा नीजि घर भवन तथा संरचनाहरुको अनिवार्य रुपमा नक्सा पास गरी निर्माण गरिने कार्यलाई कडाईका साथ लागू गरिनेछ। यस सम्बन्धमा छुट्टै कानून जारी गरिनेछ।

६४. राष्ट्रिय गौरवको रुपमा रहेको १२०० मेघावाटको जलाशययुक्त जलविद्युत आयोजनाको लागि करिव जग्गा प्राप्त भइसकेको छ। यस अवस्थामा निर्माण प्रक्रियाले गति नपाउदा अझै मुआव्जा सम्बन्धी बाँकी काम अगाडि नवढ्दा जनसमुदायमा परेका समस्या र निराशालाई यथाशिघ्र सम्बोधन गर्नु पर्ने आवश्यकता छ। यस सन्दर्भमा तिनै तहको सरकार मध्ये हामीले स्थानीय सरकारले खेल्नु पर्ने अभिभावकीय भूमिका पुरा गरिने छ। साथै डुवान क्षेत्रमा तत्कालिन अवस्थामा आवश्यक पर्ने पूर्वाधार, शिक्षा स्वास्थ्य र उत्पादनशील हाम्रो उर्वर भूमिलाई कृषि उत्पादनमा प्रयोग र कृषकलाई प्रोत्साहन गरिनेछ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

६५. वन क्षेत्रमा रहेका मुल तथा पानीका मुहानहरु सुक्न नदिइ सो को संरक्षणको लागि **सामुदायिक वनसँगको साझेदारीमा रिचार्ज पोखरी निर्माण**को कार्यको थालनी गरिनेछ।

६६.स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हक प्रत्याभूत गराउन निजी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवालासँग सहकार्य गर्दै वातावरण संरक्षण, प्रदुषण नियन्त्रण, प्लाष्टिक लगायतका प्रदुषक तत्वको प्रयोगमा न्यूनीकरण,फोहोरमैलाको श्रोतमै वर्गीकरण एवं व्यवस्थापन र हरियाली प्रवर्द्धनका कार्य सञ्चालन गरिनेछ। साथै **"सुन्दर र हरियाली सडक"** को नारालाई अङ्गीकार गर्दै स्थानीय पिच सडक किनारको दायाँवायाँमा वृक्षारोपण गरि सडकको सौन्दर्यतामा अभिवृद्धि गरिनेछ।

६७.सामुदायिक वनको सूचीकरण र नीजि वन दर्ता प्रक्रियालाई अगाडि बढाइनेछ। सार्वजनिक जग्गामा रहेको वनलाई संरक्षण एवं व्यवस्थापन गर्दै सो को दिगो उपयोग गरिनेछ।

६८.**"विपद्बाट बचौँ, उत्थानशील समाज निर्माण गरौं"** भन्ने नारालाई आत्मसात् गर्दै विपद् सचेतना, विपद प्रतिकार्य तथा जोखिम न्यूनीकरण सम्बन्धी योजना तथा कानून निर्माण/अद्यावधिक, विपदसम्बन्धी सिप तथा क्षमता

विकास र कृत्रिम अभ्यास कार्यलाई सहभागितामूलक बनाउँदै विपद् सचेतना र सुरक्षालाई संस्कृतिकै रुपमा विकास गरिनेछ। साथै विपद पूर्वतयारी तथा सो को प्रतिकार्य प्रक्रियालाई योजनाबद्ध, प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन **स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र**को स्थापना गरिनेछ। जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव बस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्य गरिनेछ।

६९. मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्नका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ । बाँदर, बँदेल, दुम्सीलगायत वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७०. वर्षिनै वन डढेलोबाट उल्लेखिय क्षति भइरहेको परिपेक्ष्यमा सामुदायिक वन उपभोक्ता समूह एवं सम्बन्धित साझेदार संस्था एवं निकायहरुसँगको समन्वय र सहकार्यमा डढेलोको उच्च जोखिम रहेका स्थानमा डढेलो न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

### ङ) सुशासन तथा संस्थागत विकास

### मानव संशाधन विकास

७१. कर्मचारीको सेवा सुविधा र व्यवसायजन्य सुरक्षालाई उत्प्रेरक र पूर्वानुमानयोग्य बनाई राष्ट्रसेवकलाई उच्च मनोबलयुक्त बनाइनेछ। कर्मचारीहरुमा कार्यभार, कार्यसम्पादन एवं नतिजाको आधारमा थप प्रोत्साहन एवं पुरस्कार गर्ने नीति लिइनेछ।

७२. **"चुस्त संगठनः दुरुस्त सेवा"** लाई प्रशासनिक सेवा प्रभावकारिताको मूल आदर्श मान्दै नीतिगत तथा संरचनात्मक सुधार मार्फत संगठन र सेवा प्रवाहलाई समयानुकुल बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सांगठनिक ढाँचामा रुपान्तरण गरिनेछ। स्थानीय सेवालाई चुस्त दुरुस्त बनाउन स्वीकृत दरबन्दी संरचना बमोजिम रिक्त स्थानमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गरिनेछ।

७३. कर्मचारी प्रशासनलाई क्षमता विकास तालिम तथा नविनतम प्रविधिको ज्ञानमार्फत प्रतिस्पर्धी र प्रभावकारी बनाइनेछ। साथै कर्मचारीहरुको बहुआयमिक क्षमता विकास गरी आवश्यकता अनुसारको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिइनेछ। कर्मचारीको वैयक्तिगत अभिलेख प्रणाली (PIS) लाई अद्यावधिक गरिनेछ।

७४. गाउँपालिकाको सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको भरपुर उपयोग गरिनेछ तथा कार्यसम्पादनमा सफ्ट्वेयरको प्रयोग गरी यथार्थपरक अनुगमन तथा मूल्याँकन गरिनेछ। कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी र प्रतिफलयुक्त बनाउन गाउँपालिका र कर्मचारीहरुको बीचमा कार्यसम्पादन सम्झौता गरि कार्यविवरण दिइनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहनको निमित्त स्थानीय सेवा पुरस्कारको व्यवस्था गरिनेछ।

७५. वडा कार्यालय, स्वास्थ्य चौकी तथा शाखाहरुको कार्य सम्पादनमा चुस्तता ल्याउनका लागी लागु भएको नमुना वडा तथा शाखा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७६. नवप्रबर्तनमुखी राज्यको अवधारणालाई मूर्तरुप दिन सेवाग्राहीहरुलाई नयाँ तौरतरिकाबाट सेवा प्रवाह गर्ने र संगठनको कार्यप्रक्रियालाई नयाँ ढंगले तर्जुमा गर्ने नीति लिइनेछ । कर्मचारीहरुलाई आवश्यकताको आधारमा पेशागत सिप विकासको लागि विभिन्न क्षमता विकास तथा अन्य आवश्यक तालिमको व्यवस्था गरिनेछ।

### सुशासन र सेवा प्रवाह

७७. चालू खर्चमा मितव्ययिता अपनाउँदै उपलब्ध स्रोतलाई पालिकाको समुन्नति हुने गरी पूँजीगत खर्चको अनुपात वृद्धि गर्दै लगिनेछ । बजेट खर्च, बेरुजु व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापनका लागि डिजिटल प्रणालीलाई पूर्ण रुपमा अवलम्बन गरी वित्तीय सुशासन र पारदर्शितालाई सुदृढ गरिनेछ ।

७८. स्वीकृत बार्षिक कार्यक्रम र योजना प्रभावकारी कार्यान्वयन गर्न वार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन तालिका निर्माण गरिनेछ ।

७९. सेवालाई विकेन्द्रीकृत गर्दै वडाको केन्द्रदेखि टाढाँ रहेको भुगोललाई मध्यनजर गर्दै सेवा केन्द्रको विस्तार एवं विद्यमान सेवा केन्द्रको स्तरोन्नतीमा जोड दिइनेछ । गाउँवासीले भोग्नुपरेका सामाजिक, शैक्षिक, कृषि, आयआर्जन तथा दैनिक जीवीकोपार्जन सम्बन्धी समस्यालाई तत्काल सम्बोधन गर्न हरेक महिनाको पहिलो आइतवार **"जनतासँग अध्यक्ष"** कार्यक्रम मार्फत प्रत्यक्ष संवाद गर्ने व्यवस्था मिलाइनेछ ।

८०. भष्ट्राचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई अवलम्बन गरिने छ । सेवा प्रवाहमा नागरिकको सहभागिता र पहुँच अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण कार्यक्रमलाई विस्तार गरिनेछ ।

८१. गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहीको धारणा मार्फत सेवा प्रवाहको विद्यमान अवस्था पहिचान गर्दै प्राप्त पृष्ठपोषणका आधारमा सेवालाई प्रभावकारी, व्यवस्थित एवं सेवाग्राहीमैत्री बनाउन एवं सेवाप्रदायकमा थप जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्नको लागि **"सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम"** सञ्चालन गरिनेछ ।

८२. सूचना प्रविधिको प्रभावकारी उपयोगद्वारा प्रशासनिक कामकाजलाई दक्ष, व्यवस्थित र उत्तरदायी बनाउदै नागरिकले सहज, छिटो, पारदर्शी, र गुणस्तरीय सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन, सुशासन प्रवर्द्धन र नागरिक सन्तुष्टि वृद्धि गर्न प्रत्येक वडालाई स्मार्ट सेवा केन्द्रको अवधारणाअनुरुप स्तरोन्नती गरिनेछ ।

**समन्वय र सहकार्य**

८३. छिमेकी गाउँपालिकाहरुसँग साझा सरोकारका विषयहरु जस्तैः विपद व्यवस्थापन, सिमा विवाद, दमकल व्यवस्थापन, स्थानीय राजश्व तथा कर संकलन, खानेपानी व्यवस्थापन, असल अभ्यासको आदानप्रदान, जस्ता विषयहरुमा आवश्यक छलफल, समन्वय र सहकार्य गर्न संयुक्त समिति गठन गरिनेछ । गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई तिव्रता दिन सङ्घ, प्रदेश, जिल्ला समन्वय समिति तथा छिमेकी स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

८४. सङ्घीयता सबलीकरणमा सहयोग पुऱ्याउने संयन्त्रलाई थप क्रियाशील र सक्रिय बनाइनेछ। तीनै तहबीच सामञ्जस्यता र अन्तरसम्बन्ध स्थापित गरी नीतिगत सुधार, विकास क्रियाकलाप र सेवा प्रवाहलाई सुदृढ बनाई सुशासन कायम गरिनेछ ।

**राजस्व व्यवस्थापन**

८५. **राजस्व सुधार योजना** निर्माण गरी अनुगमन तथा नियमनलाई निरन्तरता दिई प्रविधिको प्रयोग गरी कर प्रशासनलाई अझ प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरिनेछ ।

८६. **"कर करले होइन रहरले तिरौ"** भन्ने नाराका साथ स्वयंसेवक परिचालन गरी करदाता शिक्षा अभियान सञ्चालन गरिनेछ। राजस्व सङ्कलनको दायरा विस्तार गर्दै असुलीको दर वृद्धि गर्न घुम्ती सेवा मार्फत घरदैलो व्यवसाय दर्ता र कर सङ्कलनको व्यवस्था मिलाइनेछ।

८७. कर लगाउँदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ उचित ध्यान दिइनेछ। संभाव्य करको क्षेत्र पहिचान गरी कर संकलनको लागी आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिइनेछ। आन्तरिक आय उठेको आधारमा रकम विनियोजन गरी जुन क्षेत्रमा रकम प्राप्त भएको छ सोहि आधारमा सोहि क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ।

८८. स्थानीय वासिन्दामा **"घरै बसी तिरौ कर समृद्ध गण्डकी हाम्रै भर"** भन्ने भावनाको जागृत गराई मोबाईलको माध्यमबाट घरै बसी कर तिर्ने अभियानलाई थप प्रचार प्रसार गरिनेछ। राजश्व संकलनलाई मितव्ययी एवं प्रगतिशिल बनाईनेछ। राजश्व वृद्धिमा योगदान पुर्याउने क्षेत्रको समग्र विकासमा थप प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

८९. राजश्वको पहिचान र सम्भाव्यता अध्ययनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढि क्रियाशिल बनाइनेछ। राजश्व संकलनका सन्दर्भमा आवश्यकता अनुसार स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विषयगत कार्यालयहरु समेतको सहयोग लिईने नीति अबलम्बन गरिनेछ। आन्तरिक आय असुलि सम्बन्धी कुनै विवाद आईपरेमा वा देखिएमा तत्काल समस्या समाधानका लागि राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा क्रियाशिल गराईनेछ।

९०. राजस्व सङ्कलनमा क्यासलेस सिस्टमको प्रवर्द्धनमार्फत वित्तीय सुशासन कायम गरिनेछ। राजस्व तिर्न भौतिक रुपमा उपस्थित नभईकनै घरैबाट सुत्रमा आधारित प्रणालीमार्फत क्यु आर कोडको मद्दतबाट तिर्न सकिने प्रणालीको विकास भईसकेको हुदाँ सोलाई निरन्तरता एव थप स्तरोन्नती गरिनेछ।

९१. अनधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सिद्धान्त अपनाई कडा कारवाहि गर्ने नीतिलाई निरन्तरता दिईनेछ। चोरी निकासीको सूचना दिने व्यक्तिलाई प्राप्त जरिवानाको २० प्रतिशत पुरस्कार प्रदान गरिनेछ।

**न्यायिक समिती, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

९२. स्थानीय मेलमिलाप र मध्यस्थताको लागि आवश्यक नीति तर्जुमा गरी प्रत्येक वडा कार्यालयहरुमा स्थापना भएको स्थानीय मेलमिलाप केन्द्र लाई थप अभिमुखीकरण तालिम प्रदान तथा स्तरोन्नती गरिनेछ। न्यायिक समितिमा कानूनी परामर्शदाताको व्यवस्थापन गरी न्याय निरुपणलाई चुस्त दुरुस्त बनाइनेछ।

९३. न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोग गर्दै न्यायिक काम कारबाही तथा विवाद निरुपणको गुणस्तरीयता अभिवृद्धि गरिनेछ।

९४. न्यायिक समितिले गर्ने कामकारवाही एवं अधिकारक्षेत्रबारेमा जनतालाई सुसूचित गराई न्यायिक समितिमा सेवाग्राहीको सहज र समान पहूँच अभिवृद्धि गर्दै प्रभावकारी विवाद निरुपण गर्न **"जनतासँग न्यायिक समिति"** कार्यक्रम सञ्चालन गरिनेछ।

**स्थानीय अभिलेख व्यवस्थापन**

९५. जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, प्रतिव्यक्ति आय, विपद व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड र योजना अद्यावधिक गरी कार्यान्वयन, अनुगमन र नियमनमा जोड दिइनेछ।

९६. राजश्व तथा आयव्यय तथ्याङ्क संकलन र प्रशोधन गरी डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ। सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ।

९७.गाउँपालिकामा सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ। स्थानीय अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको भरपुर उपयोग गरिनेछ।

**सूचना, सञ्चार र प्रविधि**

९८.कार्यालयका सवारी साधन तथा एम्बुलेन्समा प्रयोग गरिएको जि.पि.एस प्रणालीलाई अझै विस्तार गर्दै लगिनेछ।

९९.गण्डकी गाउँपालिकाको कार्यालय, वडा कार्यालय, मुख्य बजार क्षेत्र तथा टोलमा सि.सि.टि.भी जडान, मर्मत तथा स्तरोन्नतीको कार्यलाई अगाडि बढाइनेछ।

१००. गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था एवं सम्पूर्ण विद्यालयमा नेपाल सरकारद्वारा सञ्चालित विद्युतीय हाजिरी प्रणालीलाई अनिवार्य लागू गर्दै व्यवस्थित र प्रभावकारी बनाइनेछ । कार्यालयका दर्ता चलानी देखि लिएर योजना भुक्तानी लगायत सम्पूर्ण चरणहरुलाई सफ्ट्वेयरमा आधारित गरी चुस्तता ल्याईनेछ।

१०१. गाउँपालिकामा पर्यटन पर्वद्धनको लागि पालिकाका महत्वपूर्ण पर्यटकीय स्थल, सार्वजनिक स्थल तथा संस्थाहरु, सडक आदि विवरणसहितको पर्यटन सफ्टवेयर विकास गरिनेछ । सूचनामा पालिकावासीहरुको पहुँच अभिवृद्धि गर्नका लागी भौतिक सूचना पाटी, सामाजिक सञ्जालको प्रयोग तथा गाउँपालिका द्धारा सञ्चालित अनलाईन न्युज पोर्टलको नियमति प्रयोग तथा स्तरोन्नती गरिनेछ।

सम्मानित सभा सदस्य ज्युहरु,

अन्त्यमा विभिन्न अनुभव र अभ्यास वाट आज १८ औं गाउँसभा सम्म आईपुग्दा जनताको दुखको साथीको रुपमा स्थानीय सरकार बन्दै गईरहेको छ। गहन जिम्मेवारीका साथ हामी सवैको सार्थक प्रयास र सकारात्मक सोचले नै गाउँपालिकाको सर्वाङ्गीण विकासमा मद्धत पुग्ने कुरा राख्न चाहान्छु। आगामी आर्थिक वर्ष २०८२/०८३ का लागी तर्जुमा गरिएका वार्षिक नीति र कार्यक्रम पूर्ण र सहि कार्यान्वयन नै हाम्रो पालिकाको सुन्दर भविश्य हो भन्ने विश्वास गरेका छौ । पालिकावासिको उत्कृष्ट चाहाना र अपेक्षालाई सम्वोधन गर्नु नै हाम्रो गाउँसभाको सार्थकता हो भन्ने विश्वास राख्न चाहान्छु। जनताको माझमा रहेर वनेको योजना र जनताको निगरानिमा भएको योजना कार्यन्वयनले नै समाजवादको आधार तयार हुन्छ भन्ने कुरा यस सम्मानित सभामा राख्न चाहान्छु। यस प्रकृयामा आफ्नो भुमिका कार्यन्वयनमा योगदाना पुऱ्याउनु हुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी, शिक्षक, नागरिक समाज, विभिन्न संघ सस्थाहरु, सुरक्षाकर्मी, संचारकर्मी एवं आम गाउँपालिका वासीमा हार्दिक आभार सहित यस गरिमामय गाउँसभा मार्फत सफल कार्यन्वयनको लागी हार्दिक शुभकामना राख्न चाहान्छु ।

धन्यवाद !

दिपक तिमिल्सिना (साकार)
सभाध्यक्ष एबं अध्यक्ष
गण्डकी गाउँपालिका, गोरखा